जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८८ पृष्ठः ४ | २०८२ फाल्गुन २८ बिहीबार (Thursday 12 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## यस वर्ष सिरहामा आँपको उत्पादन बढ्ने अनुमान



**जीवछ यादव**

लहान, २७ फाल्गुन। आँपको राजधानीका रूपमा चिनिएको सिरहामा यस वर्ष आँपको उत्पादन बढ्ने कृषि ज्ञान केन्द्र सिरहाले जनाएको छ। जिल्लामा करिब पाँच हजार हेक्टर क्षेत्रफलमा आँप खेती भइरहेको छ। अधिकांश आँपका बोटमा मञ्जर (फूल) लागेकाले उत्पादन बढ्ने अनुमान गरिएको हो।

आँपमा प्रशस्त मञ्जर लागेको देखेर यस्तो अनुमान गरिएको कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख नरेन्द्र महासेठले बताउनुभयो। उहाँका अनुसार एक वर्ष विराएर फल्ने आँप यस वर्ष फल्ने चक्रमा परेकाले बोटमा अत्यधिक मञ्जर लागेको हो। मञ्जर जोगाउन एक पटक औषधि छरिसकिएको र टिकुला लागेपछि अर्को पटक औषधि छर्नका लागि सिरहाका १७ वटै पालिकाका कृषि शाखासँग समन्वय गरी कृषकलाई प्राविधिक सहयोग दिइँदै आएको उहाँले बताउनुभयो।

सिरहा जिल्लामा पूर्व–पश्चिम राजमार्गको उत्तरतर्फ पर्ने मिर्चैया, गोलबजार, धनगढीमाई र लहान नगरपालिकामा आँप खेती बढी हुने गरेको छ। आँप खेतीबाट राम्रो आम्दानी हुने भएकाले कृषकहरू यस वर्ष उत्साहित देखिएका छन्। लहान नगरपालिका–१३ का कृषक सियाराम यादवले यस वर्ष आँपबाट राम्रो आम्दानी हुने आशा पलाएको बताउनुभयो। "यस वर्ष आँपबाट राम्रो आम्दानी हुने अपेक्षा छ। लहान नगरपालिका कृषि शाखासँग समन्वय गरेर समय–समयमा औषधि छर्ने र बगैंचाको स्याहार–सम्भार गर्ने काम गरिरहेको छु," उहाँले भन्नुभयो।

अहिलेसम्म वर्षा नभएकाले आँपमा मधुवा रोग नलागेको लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले जानकारी दिनुभयो। "लहान नगरपालिकाको वडा नम्बर १३, १४, १५, १७, १८, १९ र २३ मा आँपको पकेट क्षेत्र रहेका छन्। ती क्षेत्रका कृषकलाई निरन्तर प्राविधिक सहयोग प्रदान गरिरहेका छौं," उहाँले भन्नुभयो।

यस वर्ष आँपको व्यवस्थित ब्रान्डिङ गरेर बाहिरी बजारमा पठाउने तथा बजार व्यवस्थापनका लागि सुरुदेखि नै कृषि ज्ञान केन्द्र सिरहाबाट समन्वय भइरहेको प्रमुख साहले बताउनुभयो। लहान क्षेत्रमा शीत भण्डार र आँपको जुस उद्योग सञ्चालनका लागि यस पटकको निर्वाचनमा कृषकहरूले माग राखेका छन्। सिरहा–१ बाट नव निर्वाचित प्रतिनिधिसभा सदस्य बब्लु गुप्ताले त्यसका लागि पहल गर्ने प्रतिबद्धता जनाएपछि कृषकहरू उत्साहित भएका छन्।

## सिरहामा कानुन व्यवसायीको फर्ममा विस्फोट




**मणिलाल विश्वकर्मा**

लहान, २७ फाल्गुन। सिरहा जिल्लाको सदरमुकाम सिरहास्थित जिल्ला अदालत बार एसोसिएसनको कार्यालय रहेको भवनको सटरमा रहेको 'ल फर्म'मा विस्फोट भएको छ। सिरहा जिल्ला अदालतअगाडि रहेको बारको कार्यालय भवनको सटर भाडामा लिएर अधिवक्ता मधुसुदनप्रसाद यादवले चलाइरहेको फर्ममा बुधबार अपराह्न करिब सवा ४ बजेतिर विस्फोट भएको प्रहरीले जनाएको छ।

–बाँकी अन्तिम पेजमा

## सिरहामा पूर्वमन्त्रीहरूको बिजोग, पाँच पूर्वमन्त्रीले जोगाउन सकेनन् जमानत

**मणिलाल विश्वकर्मा**

लहान, २७ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत २१ फागुनमा भएको मतदानको प्रत्यक्ष र समानुपातिततर्फको अन्तिम परिणामअनुसार सिरहामा ठुला र पुराना दलबाट उम्मेदवार रहेका सात पूर्वमन्त्रीहरूमध्ये पाँचजनाको जमानत जफत भएको छ। निर्वाचनमा खसेको कुल सदर मतको १० प्रतिशत पनि मत ल्याउन नसकेर जमानत जोगाउन नसकेका पूर्वमन्त्रीहरूमा सिराहाका ४ नं. क्षेत्रमा सबैभन्दा बढी छ। उक्त क्षेत्रमा नेकपा एमालेका धर्मनाथप्रसाद साह, जसपा नेपालका राजकिशोर यादव, जनमत पार्टीका वीरेन्द्रप्रसाद महतो र बहुजन शक्ति पार्टीका विश्वेन्द्र पासवानले जमानत जोगाउन सकेनन्।

सोही क्षेत्रबाट नेकपाका उम्मेदवार तथा पूर्वमन्त्री अजयशंकर नायकले निकटतम् प्रतिद्वन्द्वीको रूपमा जमानत जोगाएका छन् भने ३ नं. क्षेत्रमा पूर्वमन्त्री रहेका एमाले उम्मेदवार लीलानाथ श्रेष्ठको पनि जमानत जोगिएको छ। सिराहा १ बाट नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार रहेका पूर्वमन्त्री रामचन्द्र यादव पनि जमानत जोगाउन नसकेका पूर्वमन्त्रीहरूको सूचीमा परेका छन्।

**कुन क्षेत्रमा कसको जफत?**

सिरहा १ बाट विगतमा आलोपालो निर्वाचन जित्दै आएका कांग्रेस, एमालेलाई पछि पार्दै योपटक रास्वपाबाट निवर्तमान युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले बाजी मार्दा कांग्रेसका रामसुन्दर चौधरी र एमाले उम्मेदवार तथा विर्तमान सांसद रामशंकर यादवले मात्र सदर मतको १० प्रतिशत कटाउन सफल भए। निर्वाचनको दौडमा रहेकामध्ये तीन जनाबाहेक ११ जना विभिन्न दल तथा १८ जना स्वतन्त्र गरी २९ जना उम्मेदवारको जमानत जफत भएको छ।

यो क्षेत्रमा कांग्रेसका रामसुन्दर चौधरीले ९ हजार ७८४ मत ल्याएर निकटतम् प्रतिद्वन्द्वी हुँदा निवर्तमान प्रतिनिधिसभा सदस्य रामशंकर ७ हजार ८८६ मतसहित तेस्रो स्थानमा खुम्चिए। २०६३ सालमा भएको मधेश विद्रोहको बिरासत बोकेको जसपा नेपालका सत्यनारायण यादव दुई हजार २८५, जनमत पार्टीका रामस्वरूप चौधरीले मत मात्र

–बाँकी तीन पेजमा




## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## धुलो र धुवाँको मारमा उपत्यकावासी

काठमाडौँको आजको वायु नेपाल सरकारकै मापदण्डअनुसार पनि अस्वस्थ रहेको छ। धेरै दिन त पीएम २.५ को मात्र १००–२०० माइक्रोग्रामरघनमिटरभन्दा माथि पुग्ने गरेको छ जुन विश्व स्वास्थ्य संगठनको १५ माइक्रोग्राम मापदण्डभन्दा धेरै गुणा बढी हो। स्वास्थ्य अवस्था कमजोर भएका र पाका उमेरका व्यक्तिका लागि यस्तो हावा निकै घातक मानिन्छ। लगातार केही वर्ष नै भयो पानी पर्ने केही महिनाबाहेक काठमाडौँको वायु गुणस्तर अस्वस्थकर रहने गरेको छ। अन्तर्राष्ट्रिय वायु गुणस्तर सूचकाङ्क एक्युआईअनुसार पनि काठमाडौँ प्रायः अस्वस्थ्य वा अत्यन्त अस्वस्थ श्रेणीमा देखिन्छ। तर सरकारले यस समस्यालाई गम्भीरतापूर्वक लिएको देखिँदैन। काठमाडौँ महानगरपालिकालगायत स्थानीय तहहरूले पनि यसमा खासै ध्यान दिएका छैनन्।

हुनत भारत र पाकिस्तानमा बाँडिएको पञ्जाब क्षेत्रबाट आउने धुवाँले समेत कहिलेकाहीँ काठमाडौँमा वायु प्रदूषण बढाएको समाचार आएको थियो। यस्तो प्रदूषण नियन्त्रण गर्न नेपाल सरकारले चाहेर पनि सक्दैन। तर, वायु प्रदूषण बढाउने स्थानीय मूल कारकमध्ये सवारीसाधनले फाल्ने धुवाँ प्रमुख हो। अध्ययनहरूमा काठमाडौँको सूक्ष्म कण पीएम २.५ को करिब ३५–४० प्रतिशत सवारीसाधनबाट आउने देखिएको छ। सरकारले चाहने हो भने सवारीसाधनजन्य धुवाँ नियन्त्रण गर्न सक्थ्यो। यसैगरी काठमाडौँ उपत्यकामा सञ्चालित इट्टा भट्टाहरू पनि वायु प्रदूषण बढाउने अर्को कारक हुन्। वातावरणविद्हरूका अनुसार उपत्यकामा सञ्चालनमा रहेका एक सयभन्दा बढी भट्टाहरूले हिउँदे याममा प्रदूषणमा उल्लेख्य योगदान पुऱ्याउँछन्। तिनलाई वातावरणमैत्री बनाउन उद्यमीहरूलाई प्रोत्साहन दिने हो भने उद्योग बन्द नगरीकन पनि वायु प्रदूषण नियन्त्रण गर्न सकिन्छ।

काठमाडौँ उपत्यकाको कचौरा आकार बदल्न सकिँदैन। यहाँ बाहिरबाट आएको वा भित्रै उत्पादित धुवाँधुलो हावाहुरीले नउँडान्जेल वरपर घुमिरहन्छ। उपत्यकाको यही भौगोलिक बनावटका कारण प्रदूषक कण लामो समयसम्म जमेर बस्छन्। यसलाई बलपूर्वक बाहिर पठाउने क्षमता पनि हामीसँग अहिले छैन। किन्तु उपत्यकाका निर्माणाधीन निजी घरहरूका साथै मर्मतका लागि भत्काइएका सडकहरू बेलैमा सम्पन्न गराउन भने सरकारले सक्छ। निर्माणका नाममा निस्कने धुलो मात्र नियन्त्रित भए पनि वायुको गुणस्तरमा उल्लेख्य सुधार आउन सक्छ। अध्ययनहरूले मौसमअनुसार अनुपात घटबढ हुने भए पनि काठमाडौँको वायु प्रदूषणमा धुलोको करिब ३०–४० प्रतिशत र धुवाँजन्य दहन स्रोतहरूको ५० प्रतिशत जति योगदान रहने देखाएका छन्।

सरकारसँग प्रदूषण नियन्त्रणका लागि नीति, योजना र कार्ययोजना सबै छन्। तर तिनको प्रभावकारी कार्यान्वयनलाई भने कहिल्यै प्राथमिकता दिइएको देखिँदैन। सहरीकरणका क्रममा काठमाडौँकै गल्ती दोहोऱ्याइएकाले अहिले उपत्यकाबाहिरका अधिकांश सहरहरू पनि प्रदूषणग्रस्त बन्दै गएका छन्। धेरै कामहरू अर्को सरकारले गरोस् भनेर थाती राख्दा पनि खासै बित्यास पर्दैन। तर वायुप्रदूषणजस्तो समस्या भने सकेसम्म चाँडो नियन्त्रण गर्नुपर्ने हो। कारण स्वास्थ्य अवस्था कमजोर भएको मान्छेलाई प्रदूषित हावाले ठहरै पनि पार्न सक्छ। यसैले सबै तहका सरकारका सम्बन्धित पदाधिकारीहरूले वायुप्रदूषण नियन्त्रणलाई सङ्कट व्यवस्थापनसरह प्राथमिकता दिनुपर्छ।

सरकारले तत्कालका लागि धेरै केही गर्नु पर्दैन। केही समयका लागि सवारीसाधनको सञ्चालनमा जोरबिजोर वा अन्य कुनै विधि अपनाएर नियन्त्रण गर्ने, इट्टा भट्टाबाट निस्कने धुवाँ, फोहोर तथा पातपतिङ्गर पोल्दा निस्कने धुवाँ र ठूला सामूहिक भान्साबाट निस्कने धुवाँ नियन्त्रण गरे वायुप्रदूषण उल्लेख्य रूपमा घट्न सक्छ। सार्वजनिक मर्मतका कामहरूबाट धुलो उड्न नदिने व्यवस्था गर्ने, सुख्खा याममा सडक भत्काउन नदिने वा भत्काउनै परे सके उही दिन नभए भोलिपल्टै मर्मत गरिसकिने जति मात्र एकपटकमा भत्काउनेजस्ता उपाय अपनाउन सकिन्छ। यसैगरी निजी निर्माणकर्ताहरूलाई पनि धुलो नउडाउने उपाय अपनाउन चेतावनी दिइएमा धेरै हदसम्म वायुप्रदूषण नियन्त्रण हुनेछ।

कार्यभार सफलतापूर्वक समाप्त गरेको अन्तरिम सरकार नै भए पनि जाँदाजाँदै समग्रमा देशलाई, नभए पनि काठमाडौँ उपत्यकालाई, वायुप्रदूषणको कहरबाट केही हदसम्म मुक्त गर्ने उपायहरू अपनाउने जाँगर र जोस देखायो भने त्यो ठूलो उपलब्धि हुनेछ। विद्युतीय सवारी सञ्चालन, सार्वजनिक यातायातमा जोडलगायतका उपाय स्थिर सरकारलाई छाडेर अन्तरिम सरकारले तत्कालको समस्यामा ध्यान दिए हुन्थ्यो। कर्मचारीतन्त्र त अह्राएमात्र अगाडि सर्छ। वायुप्रदूषणबाट जोगिन नेपाल प्रहरीले सावधानी अपनाउन आग्रह गरेको छ। नागरिकले पनि सावधानी अपनाउने सुझाव कार्यान्वयन गर्नुपर्छ। तर, वायुप्रदूषण नियन्त्रणकै लागि अग्रसर हुनुपर्ने होइन र ?

# डिजिटल लोकतन्त्र र एल्गोरिदमिक चुनौती

## मिथ्या सूचना, नियमन र डेटाविज्ञानको भूमिका

दधिराम नेपाल

हालैको निर्वाचनले देखायो— सामाजिक सञ्जाल, डिजिटल एल्गोरिदम र डेटा प्रवाहले मतदाताको धारणा र जनमत निर्माणमा महत्त्वपूर्ण प्रभाव पारेको छ। त्यसैले विश्वासिलो लोकतन्त्रका लागि प्रमाणित डेटा, एआई सहयोगी निगरानी, एकीकृत नियामक प्रयास र संस्थागत पारदर्शिता अनिवार्य हुन्छ। नेपालमा सामाजिक सञ्जाल राजनीतिक संवादको प्रमुख माध्यम बनिसकेको छ र हालै सम्पन्न निर्वाचनले यसको प्रभाव अझ स्पष्टरूपमा देखाएको छ। फेसबुक, एक्स, टिकटक र रिल इन्स्टाग्रामजस्ता प्लेटफर्महरूले मतदाता, दल र उम्मेदवारबीचको अन्तर्क्रियालाई तीव्र र प्रत्यक्ष बनाएका छन्। यसले लोकतान्त्रिक सहभागिता विस्तार गरेको छ भने यही संरचनाले गलत सूचना र नियोजित डिजिटल प्रभावलाई अभूतपूर्व गति दिएको छ। विशेषगरी सहरी क्षेत्रका डिजिटल डिभाइस प्रयोग गर्ने मतदातामा यसको प्रभाव बढी देखियो।

सामग्रीहरूको प्रसार अब तथ्यको गुणस्तरमा निर्भर छैन। एल्गोरिदमले प्राथमिकता दिने भावनात्मक, विभाजनकारी र सनसनीपूर्ण सन्देशहरू छिटो फैलिन्छन्। यही प्रक्रियालाई एल्गोरिदमिक प्रवर्धन (Algorithmic Amplification) भन्न सकिन्छ जसले सानो दाबीलाई ठूलो जनमतजस्तो देखाउन मद्दत गरेको छ। परिणामस्वरूप मतदाता धारणा सूक्ष्मरूपमा प्रभावित भयो र निर्वाचन प्रक्रियाको माहोल डिजिटल प्रेमभित्र कैद भयो। टेक्नोपोलिटिक्सले राजनीति र डिजिटल प्रविधिको संयोजनलाई जनाउँछ जहाँ डेटा, सामाजिक सञ्जाल र विश्लेषणात्मक उपकरणहरू राजनीतिक रणनीतिको केन्द्रमा रहन्छन्। यसले लोकतन्त्रलाई सशक्त बनाउन सक्ने सम्भावना बोके पनि नियमन र पारदर्शिता कमजोर हुँदा यही संरचना लोकतान्त्रिक प्रक्रियाका लागि जोखिम हुन पुग्छ।

यस लेखले नेपालको डिजिटल चुनावी परिवेश, मिथ्या सूचना संरचना, नियामक सीमाहरू र डेटा विज्ञानको सम्भावित भूमिकालाई विश्लेषण गर्दै एउटा मूल प्रश्न उठाउँछ : हाले सम्पन्न निर्वाचनको अनुभवपछि डिजिटल युगमा लोकतन्त्र कसरी सुरक्षित राख्ने? यसको उत्तर बहुआयामिक समन्वयमा निहित छ। राजनीति, नियमन र डेटा विज्ञानबीचको सन्तुलित र पारदर्शी सहकार्यका केही आयाम यहाँ विश्लेषण गरिएको छ।

### नेपालमा टेक्नोपोलिटिक्स र सामाजिक सञ्जालमा फेकुरा

नेपालमा टेक्नोपोलिटिक्सले राजनीति र डिजिटल प्रविधिको संयोजनमार्फत मतदाताका धारणा प्रभावित गर्ने रणनीति अपनाउँछ। विशेषगरी हाले सम्पन्न निर्वाचनले देखाएको छ सामाजिक सञ्जाल फेसबुक, एक्स, टिकटक र इन्स्टाग्राममार्फत राजनीतिक दल वा समूहहरूले जानिबुझी प्रचार सामग्री, अफवाह र गलत तथ्य फैलाएर चुनावी रणनीति सुदृढ पार्ने प्रयास गर्छन् जसको प्रभाव सहरी डिजिटल मतदातामा बढी देखिएको छ। सामाजिक सञ्जालमा फैलिने फेकुरा वा गलत सूचना जस्तै बदलिएको तस्बिर, भिडियो वा अफवाहलेतदातालाई भ्रममा पार्नेमात्र नभई राजनीतिक स्थिरतामा पनि असर पुऱ्याउन सक्छ। एल्गोरिदमिक प्रवर्धनले यी सामग्रीलाई प्राथमिकता दिन्छ र तीव्र गतिमा फैलाउँछ जसले सानो वा अप्रमाणित सामग्रीलाई पनि व्यापक प्रभाव दिन सक्षम बनाउँछ।

टेक्नोपोलिटिक्स र एल्गोरिदमिक प्रवर्धनको संयोजनले डिजिटल प्लेटफर्ममा फैलने चुनौती जटिल बनाएको छ। यसलाई नियन्त्रण गर्न प्लेटफर्मको एल्गोरिदममा मात्र निर्भर हुनु पर्याप्त छैन। राजनीतिक रणनीति, जनमत र नियामक क्षमता सँगसँगै एकीकृत हुनुपर्छ। डिजिटल लोकतन्त्र सुरक्षित राख्न सावधानीपूर्ण नियमन, डेटा विश्लेषण र एल्गोरिदमिक निगरानी अनिवार्य छन्।

### फेकुरा र एल्गोरिदमिक प्रवर्धनको संरचना

हालै सम्पन्न निर्वाचनले देखाएको छ फेकुरा वा गलत सूचना राजनीतिक प्रक्रिया र निर्वाचनमा गहिरो प्रभाव पार्ने जटिल संरचनामा फैलिएको छ। यो प्रक्रिया राजनीतिक उद्देश्यअनुसार तयार गरिएका सनसनीपूर्ण, भावनात्मक र भ्रमपूर्ण सामग्रीबाट सुरु हुन्छ जुन सामाजिक मिडियामा प्रयोगकर्ताको ध्यान आकर्षित गरी सेयर, लाइक र कमेन्टमार्फत तीव्र गतिमा फैलिन्छ। एल्गोरिदमिक प्रवर्धनले यी सामग्रीलाई प्राथमिकता दिँदै भाइरल बनाउँछ जसले सानो दाबीलाई पनि व्यापक प्रभाव दिन सक्छ।

फलस्वरूप मतदाताको धारणा सूक्ष्म तर प्रभावकारी रूपमा प्रभावित हुन्छ, जनमतमा ुवीकरण र विभाजन बढ्छ र निर्वाचन निष्पक्षतामा चुनौती सिर्जना हुन्छ। चुनावी समयमा नक्कली खाता र भुक्तानी गरिएको प्रचार अभियानमार्फत् लक्षित मतदातामा भ्रम फैलाउने अभ्यास पनि देखिन्छ। यसैले फेकुरा फैलावट नियन्त्रणका लागि नियामक निगरानी, प्रविधि सहयोग र एल्गोरिदमिक पारदर्शिता अनिवार्य छ ताकि लोकतान्त्रिक प्रक्रिया सुरक्षित रहोस् र जनताको विश्वास कायम रहोस्।

### नियामक निकायहरूको भूमिका

निर्वाचनको सन्दर्भमा सामाजिक मिडियाबाट फैलिने फेकुरा र भ्रामक प्रचार नियन्त्रण गर्न विभिन्न नियामक निकायहरूले सक्रिय भूमिका निर्वाह गरेका छन्। प्रमुख निकायहरूमा निर्वाचन आयोग, साइबर ब्युरो, सञ्चार मन्त्रालय र प्रेस काउन्सिल पर्छन्। तर प्रश्न उठ्छ— के यी निकायहरूले अपेक्षित प्रभाव वास्तविकरूपमा पार्न सके ? भूमिका भए पनि उनीहरूका सीमाहरू स्पष्ट देखिन्छन्।

निर्वाचन आयोगले डिजिटल र सामाजिक मिडियामा प्रचारप्रसार निगरानी राखेको बताएको छ। बोट र नक्कली खाता पहिचान, भुक्तानी गरिएको प्रचारको अनुगमन र ईमोनिटर प्लस सफ्टवेयरमार्फत सामग्री ट्र्याकिङ जस्ता उपायहरू प्रयोग भए पनि यसको प्रभावकारिता पूर्णरूपमा प्रमाणित छैन। एल्गोरिदम नियन्त्रणमा प्रत्यक्ष अधिकार नहुँदा आयोगले प्रभावकारी नियन्त्रण गर्न सकेको थियो कि थिएन भन्ने प्रश्न उठ्छ। साइबर ब्युरोले अनलाइन अपराध र गलत सूचना नियन्त्रणका लागि प्राविधिक निगरानी, नेटवर्क विश्लेषण र कानुनी कारबाहीको जिम्मेवारी लिएको थियो। मतदान अवधिमा नक्कली खाता र कृत्रिम गतिविधि पत्ता लगाउन टोली तैनाथ गरिएको थियो। तर वास्तविक समय निगरानी र कानुनी दायराको सीमितताले कतिपय सूचना फैलिनबाट रोक्न असफल भयो जसले यसको प्रभाव आंशिकमात्र रह्यो।

सञ्चार मन्त्रालयले सामाजिक मिडिया प्लेटफर्मलाई नेपालको नियामक दायरामा ल्याउने पहल गरेको छ। तर विदेशी प्लेटफर्महरूले स्थानीय प्रतिनिधि नियुक्त नगर्नु वा दर्ता नगर्नु एल्गोरिदमिक पारदर्शिता र दीर्घकालीन नियामक संरचना निर्माणमा चुनौती बनेको छ। प्रेस काउन्सिलले परम्परागत र अनलाइन मिडियामा सामग्रीको नैतिकता र विश्वसनीयता सुनिश्चित गर्ने काम गर्छ। पत्रकारिता आचारसंहिता पालन गराउने, उजुरी सम्हाल्ने र उल्ल नमा कारबाही गर्ने जिम्मेवारी लिएको छ। स्वतः तथ्य जाँच र परोक्ष वा प्रत्यक्ष ब्ह प्रयोग भए पनि यसले सबै गलत सामग्रीको वास्तविक समय निगरानी गर्न सकेको छैन।

यी चार निकायको समन्वयले सीमित तर प्रभावकारी नियामक इकोसिस्टम तयार गरेको छ जसले टेक्नोपोलिटिक्स, अफवाह, फेक समाचार र सहक्रियात्मक प्रचार व्यवस्थापनमा योगदान पुऱ्याएको छ। तर एल्गोरिदम नियन्त्रण, प्लेटफर्मको पूर्ण सहयोग र प्राविधिक पूर्वानुमान क्षमतामा चुनौतीहरू अझै बाँकी छन्। भविष्यमा सशक्त कानुनी अधिकार, डेटा सहयोगी निगरानी र एआई को व्यापक प्रयोग अपरिहार्य छ जसले डिजिटल डेटाविज्ञानको विकासलाई संस्थागत रूपमा बलियो बनाउन सक्छ।

### डेटा साइन्स र कृत्रिम बुद्धिमत्ताको प्रयोग

फागुन २१, २०८२ मा सम्पन्न निर्वाचनले देखाएको छ चुनावको पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्न डेटा विज्ञान र कृत्रिम बुद्धिमत्ता अपरिहार्य छन्। यी प्रविधिले सामाजिक मिडिया, समाचार, सरकारी तथ्याङ्क र सार्वजनिक अभिप्रायबाट सङ्कलित डेटा प्रमाणित र रिफाइन गरी विश्लेषणयोग्य बनाउँछन्। यसले गलत वा अनावश्यक जानकारी हटाएर निष्पक्ष तथ्याङ्क सुनिश्चित गर्छ र मतदाताको विश्वास बलियो बनाउँछ। कृत्रिम बुद्धिमत्तामा आधारित एल्गोरिदमिक पारदर्शिता मोडेलले निर्णय प्रक्रियामा पूर्वाग्रह र गलत प्रवृत्तिहरू पत्ता लगाउन मद्दत गर्छ। ठूलो मात्रामा सामाजिक मिडिया सामग्रीको विश्लेषण, गलत सूचना पहिचान र वर्गीकरणमा एआई प्रयोगले निर्वाचन परिणाम र जनमत निर्माणमा सकारात्मक असर पुऱ्याएको देखिन्छ। सार्वजनिक ड्यासबोर्ड र सूचना अधिकारमार्फत प्रमाणित आधिकारिक डेटा वास्तविक समयमा पहुँचयोग्य हुँदा मतदाताको सहभागिता र पारदर्शिता बढ्छ।

फिडब्याक र जवाफदेहीको तहले वास्तविकसमय हस्तक्षेपको सम्भावना दिन्छ जसले प्रविधि र नियामक निकायलाई गलत सूचना फैलावट तुरुन्त पत्ता लगाउन र रोक्न सहयोग पुऱ्याउँछ। डेटा विज्ञान, कृत्रिम बुद्धिमत्ता र सार्वजनिक सचेतनाको संयोजनले नेपालमा डिजिटल युगको चुनावी प्रणालीलाई विश्वसनीय, पारदर्शी र उत्तरदायी बनाउन मद्दत गरेको छ।

### राष्ट्रिय सूचना आयोगको अप्रत्यक्ष योगदान

सम्पन्न निर्वाचनले देखाएको चुनौतीअनुसार, नेपालमा डिजिटल प्रविधि र सामाजिक मिडियाको बढ्दो प्रभावसँगै प्रविधि आधारित राजनीति र एल्गोरिदमिक प्रवर्धनले लोकतन्त्रमा नयाँ चुनौती थपेको छ। निर्वाचनकालमा फैलिने फेकुरा वा गलत सूचनाले मतदाताको धारणा र निर्णय प्रक्रियामा असर पार्छ। यद्यपि, आधिकारिक प्रचारप्रसार सामग्री निर्वाचन आयोगले अनुमोदित र नियमन गरेको हुन्छ जसले पार्टी वा उमेदवारको वास्तविक अभियानलाई सार्वजनिक पार्छ।

यस्तो जटिल परिवेशमा राष्ट्रिय सूचना आयोग प्रत्यक्ष नियमनकारी नभए पनि पारदर्शिता संरचना निर्माणमा महत्त्वपूर्ण आधारस्तम्भको रूपमा कार्य गर्छ। आयोगले सार्वजनिक निकायहरूलाई आधिकारिक र प्रमाणित तथ्याङ्क उपलब्ध गराउन बाध्य पार्छ जसले सामाजिक सञ्जालमा फैलिएको भ्रमलाई चिर्न

–बाँकी तीन पेजमा

## *डिजिटल लोकतन्त्र...*

तथ्य जाँचको आधार तयार पार्छ। नागरिकहरूले सूचनाको हक प्रयोग गरी वास्तविक तथ्याङ्क, बजेट विवरण र निर्वाचनसम्बन्धी अभिलेख सजिलै प्राप्त गर्दा मिथ्या सूचनाको प्रभाव स्वाभाविकरूपमा कमजोर हुन्छ। यो अप्रत्यक्ष योगदानले चुनावसम्बन्धी तथ्याङ्क प्रमाणित गर्ने प्राथमिक स्रोत उपलब्ध गराउँछ र नागरिक तथा अनुसन्धानकर्तालाई स्वतन्त्र तथ्य जाँच गर्न सक्षम बनाउँछ। दीर्घकालीनरूपमा डेटा विज्ञान र कृत्रिम बुद्धिमत्तामार्फत बनेका सार्वजनिक ड्यासबोर्ड र खुला डेटा संयन्त्रहरू आयोगद्वारा प्रवर्द्धित पारदर्शिता संस्कृतिसँग जोडिएर अझ प्रभावकारी हुन्छन्।

अन्ततः आधिकारिक डेटा प्रकाशन, पारदर्शी सूचना संरचना र नागरिक सचेतनाको संयोजनले डिजिटल युगमा चुनावी निष्पक्षता सुदृढ गर्न र लोकतान्त्रिक मूल्यहरूको रक्षा गर्न मजबुत आधार तयार गर्छ। भविष्यमा हुने निर्वाचनका लागि आयोगले आधिकारिक प्रचारप्रसारको निगरानी र अनधिकृत डिजिटल सामग्री नियन्त्रणमा अन्य नियामक निकायहरूसँग समन्वयकर्ता र प्रविधि सहयोगीको भूमिकामा अनिवार्य रूपमा संलग्न हुनुपर्ने अवस्थालाई पनि हेर्दै कानुनी र प्राविधिक क्षमतातर्फ सोच्नुपर्ने देखिन्छ।

**निर्वाचनकालीन घटना र निर्वाचन आयोगको प्राविधिक चुनौती**

निर्वाचन सत्ता हस्तान्तरणको प्रक्रियामात्र होइन। यो त राष्ट्रको भविष्य र राजनीतिक स्थिरताको आधार हो। मतदानअघि मतदाताको धारणा डिजिटल प्लेटफर्म र सामाजिक मिडियामा फैलिने अफवाह, भ्रमपूर्ण कमेन्ट र सनसनीपूर्ण पोस्टले प्रभावित भएमा परिणाम कानुनीरूपमा वैध भए पनि नैतिकरूपमा प्रश्न योग्य हुन सक्छ। नेपालमा "नो नट अगेन" जस्ता अभियानले भावनात्मक नारालाई तथ्यभन्दा माथि राखेर जनमत निर्माण गर्ने प्रवृत्ति देखाएका छन् जसले वास्तविक जनभावना र डिजिटल धारणा (digital perception) बीचको सीमारेखा धमिल्याउँछ।

मतदाता धारणा तथ्यमा मात्र निर्भर हुँदैन। आवेग र दोहोरिएको सन्देशले तत्काल प्रभाव पार्छ। यस्तो असन्तुलित सूचना प्रवाहले लोकतन्त्रमा स्वतन्त्र विचार प्रतिस्पर्धालाई निर्देशित बनाउँछ र निर्वाचनको निष्पक्षतामा चुनौती सिर्जना गर्छ। निर्वाचन आयोगले निगरानी प्रणाली (monitoring system) र सामाजिक सञ्जाल कम्पनीहरूसँग सहकार्य गर्दै आएको छ तर सूचना एल्गोरिदम विज्ञान (algorithmic science) र पूर्वानुमान प्रणाली (predictive systems) अझै पूर्ण विकसित भएको छैन। आयोगले आफ्नो कानुनी सीमामा आधारित भएर प्रत्यक्ष एल्गोरिदम नियन्त्रण गर्न नसक्ने तर्क प्रस्तुत गर्छ। डिजिटल युगमा नियमन आदेश र आचारसंहितामा मात्र सीमित रहनु हुँदैन। प्राविधिक सहयोग, एआई सहयोगी निगरानी, वास्तविकसमय डेटा प्रमाणीकरण र नेटवर्क विश्लेषणजस्ता उपकरण प्रयोग नगर्दासम्म रोकथाम प्रभावकारी हुँदैन।

मुख्य प्रश्न आयोगको दृष्टिकोणसँग सम्बन्धित छ, के यसले आफूलाई प्रशासनिक संरक्षकमात्र मान्छ वा लोकतन्त्रको सक्रिय डिजिटल संरक्षक बन्न तयार छ ? प्राविधिक विज्ञ, डेटा विश्लेषक र सफ्टवेयर विकासकर्तासँग संस्थागत साझेदारी नभए नियामक संरचना सधैँ प्रतिक्रियात्मक रहन्छ। सफ्टवेयर तहलाई वाह्य विशेषज्ञताबाट अलग राखियो भने त्यो सीमित, बन्द र अपारदर्शी हुन्छ भने भ्रामक प्रचार सञ्चालन गर्ने कालो बाकस एल्गोरिदम (black–box algorithm) निरन्तर विकसित भइरहन्छ।

निर्वाचनका बेला फैलिने डिजिटल फोहोर सूचनाको जिम्मेवारी आयोगको मात्र होइन। यसमा राजनीतिक दल, प्लेटफर्म, नियामक निकाय र नागरिक सचेतनाको संयुक्त प्रयास आवश्यक छ। कानुनी अधिकार, प्राविधिक नवप्रवर्तन (innovation) र संस्थागत पारदर्शिताबीच सशक्त समन्वय नगरेसम्म डिजिटल युगको लोकतन्त्र सुरक्षित रहँदैन। आयोगले प्रविधिमा आधारित निगरानी, खुला डेटा साझेदारी र विशेषज्ञ सहकार्यलाई संस्थागतरूप दिएमात्रै राजनीतिक स्थिरता र सुशासनतर्फको यात्रा विश्वसनीय बन्न सक्छ। अन्यथा, भित्री डिजिटल प्रभावले परिणाम निर्देशित गर्ने खतरा सधैँ रहिरहन्छ।

**डिजिटल लोकतन्त्रका लागि मार्गचित्र**

चुनावी निष्पक्षतालाई डिजिटल युगसँग सुहाउँदो बनाउन परम्परागत प्रशासनिक अभ्यास पर्याप्त छैन। प्रविधि, पारदर्शिता र नागरिक सहभागितालाई एउटै संरचनामा गाँस्ने एकीकृत डिजिटल सहकार्य मोडल आवश्यक छ। निर्वाचन व्यवस्थापन निकायले प्रतिक्रियात्मक शैलीबाट बाहिर निस्केर पूर्वतयारीमा आधारित, डेटाकेन्द्रित र प्रविधिमैत्री नीति अवलम्बन गर्नुपर्छ। यस सन्दर्भमा "AI + RTI + Regulatory Coordination" को संयोजित ढाँचा प्रभावकारी रणनीति बन्न सक्छ।

कृत्रिम बुद्धिमत्ता प्रणालीले सामाजिक सञ्जालमा तीव्र गतिमा फैलिने एल्गोरिदमिक प्रवर्धन र भ्रामक सामग्री वास्तविकसमयमा पहिचान र वर्गीकरण गर्न सक्षम हुन्छ। त्यसपछि सूचनाको हक अन्तर्गत प्राप्त आधिकारिक तथ्याङ्क प्रयोग गरी तुरुन्तै प्रमाणित सूचना सार्वजनिक गर्न सकिन्छ। यस प्रक्रियामा निर्वाचन आयोग, नेपाल प्रहरी साइबर ब्युरो र प्रेस काउन्सिलबीच एकीकृत डेटा साझेदारी प्रणाली स्थापना गर्नुपर्छ जसले सूचना स्रोत पहिचान, विश्लेषण र कानुनी प्रक्रियालाई छिटो, पारदर्शी र समन्वित बनाउँछ।

अर्को रणनीति आधिकारिक प्रमाणित डेटासेट र सार्वजनिक ड्यासबोर्ड विकाससँग सम्बन्धित छ। आयोगले खुला डेटा प्रदर्शनमा आधारित रियल टाइम सूचना प्रवाह गर्ने पोर्टल सञ्चालन गर्नुपर्छ। उम्मेदवारको शैक्षिक तथा व्यावसायिक विवरण, डिजिटल प्रचारप्रसार खर्च, मतदान प्रतिशत, क्षेत्रगत विवरण र अन्य चुनावी तथ्याङ्क मेसिनरिडेबल ढाँचामा सार्वजनिक गरिनुपर्छ। यसले स्वतन्त्र विश्लेषण र सार्वजनिक तथ्यपरीक्षणलाई सशक्त बनाउँछ र कालो बाकस एल्गोरिदमबाट सिर्जित पूर्वाग्रहलाई प्रमाणित तथ्यले सन्तुलित गर्छ। तेस्रो महत्त्वपूर्ण पक्ष नागरिक सचेतना र डिजिटल साक्षरतासँग सम्बन्धित छ। प्राविधिक संयन्त्रमात्र पर्याप्त छैन सचेत नागरिक नै लोकतन्त्रका दीर्घकालीन सुरक्षा कवच हुन्। सामाजिक सञ्जालको न्यूज फिड कसरी एल्गोरिदमद्वारा प्राथमिकता निर्धारण गरिन्छ, प्रोपागान्डा संरचना कसरी काम गर्छ र गलत सूचना कसरी पहिचान गर्ने भन्नेबारे व्यापक सार्वजनिक शिक्षा अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ। विद्यालयदेखि विश्वविद्यालयसम्म डिजिटल नागरिकसम्बन्धी पाठ्यवस्तु समावेश गर्नु समयको माग हो।

निर्वाचन व्यवस्थापन निकायले आफूलाई प्रशासनिक संरक्षकमात्र नभएर डिजिटल लोकतन्त्रको सक्रिय संरक्षकका रूपमा पुनर्परिभाषित गर्नुपर्छ। सफ्टवेयर विकासकर्ता, डेटा वैज्ञानिक र प्रविधि अनुसन्धानकर्तासँग खुला नवप्रवर्तनको आधारमा सहकार्य गर्दा प्रणालीको आर्किटेक्चर, डेटा प्रमाणीकरण तह र एल्गोरिदमिक पारदर्शिता सुदृढ हुन्छ। यसरी कृत्रिम बुद्धिमत्ता, आधिकारिक डेटा र सचेत नागरिकबीचको त्रिकोणात्मक सम्बन्धले मात्र नेपालको डिजिटल लोकतन्त्रलाई दीर्घकालीन रूपमा पारदर्शी, उत्तरदायी र विश्वासिलो बनाउन सक्छ।

निष्कर्ष सम्पन्न निर्वाचनले देखाएको नयाँ राजनीतिक परिणामले स्पष्ट पार्छ कि डिजिटल युगमा नेपाली राजनीति अब केवल सडक र सदनमा मात्र सीमित छैन। सामाजिक सञ्जाल, एल्गोरिदमिक प्राथमिकता र गलत सूचनाको तीव्र प्रवाहले मतदाताको धारणा र चुनावी निर्णयमा महत्त्वपूर्ण प्रभाव पुऱ्याएको छ। सहरी डिजिटल मतदाताको सक्रिय सहभागिता निर्वाचन परिणाममा प्रत्यक्ष नपरे पनि अभियान रणनीति, सामाजिक सञ्जाल सामग्री र अफवाहको प्रभावलाई उपेक्षा गर्न सकिँदैन। लोकतन्त्र सुरक्षित राख्न बहुआयामिक दृष्टिकोण अनिवार्य छ। राजनीति, नियामक ढाँचा र डेटा विज्ञानबीच सन्तुलित र संस्थागत सहकार्य आवश्यक छ। निर्वाचन आयोग, राष्ट्रिय सूचना आयोग, नेपाल प्रहरी साइबर ब्युरो, सञ्चार मन्त्रालय र प्रेस काउन्सिलबीच निरन्तर समन्वयबिना डिजिटल चुनौतीहरूको सामना असम्भव छ। यी निकायहरूले सीमिततामा अड्किने प्रवृत्ति त्यागेर एकीकृत डिजिटल इकोसिस्टम निर्माण गर्नुपर्छ जहाँ डेटा साझेदारी, प्रविधि विश्लेषण र कानुनी हस्तक्षेप समन्वितरूपमा अगाडि बढ्छ।

सरकारी संयन्त्रले प्रमाणित डेटा, एआई सहयोगी निगरानी र वास्तविकसमय पारदर्शिता मोडललाई संस्थागत रूपमा आत्मसात् नगरेसम्म भ्रामक सूचना फैलाउने संरचनाहरू सधैँ एक कदम अगाडि रहने खतरा रहिरहन्छ। त्यस्तै, नागरिकलाई डिजिटल साक्षरतामार्फत सचेत गराउनु पनि अपरिहार्य छ।

अन्ततः प्रविधि लोकतन्त्रको शत्रु होइन। यसको प्रयोगको ढाँचाले नै भविष्य निर्धारण गर्छ। नयाँ निर्वाचन परिणाम, डिजिटल मतदाताको प्रभाव र डेटासञ्चालित पारदर्शिता एवं नियमनको संयोजनले मात्र डिजिटल संरचना लोकतन्त्रको रक्षक बन्न सक्छ।बाह्रखरीबाट

# दलित अधिकारकर्मीद्वारा काठमाडौंमा खबरदारीसहित प्रदर्शन



काठमाडौं, २७ फाल्गुन। दलित समुदायमाथि हिंसाका घटना बढ्दै गएको भन्दै दलित अधिकारकर्मी तथा युवाहरुले काठमाडौंमा खबरदारीसहित प्रदर्शन गरेका छन्। देशभर दलितमाथि हिंसा, बलात्कार र हत्या बढ्दै गएको भन्दै पीडितहरूको न्यायका लागि भन्दै उनीहरुले बुधबार काठमाडौंको माइतिघरमा खवरदारीसहित प्रदर्शन गरेका हुन्। साथै उनीहरुले मृतकको आत्माको शान्तिका लागि दीप प्रज्वलन समेत गरेका छन्।

प्रदर्शनमा सहभागीहरूले 'महिला हिंसा अन्त्य गर, बलात्कारीलाई कडा कारबाही गर, सरकार बदलियो, समाज बदलिएन, महिला शोषणविरुद्ध एक हौं' लगायतका प्लेकार्ड प्रदर्शन गरेका थिए। उनीहरूले निर्वाचनपछि दलित समुदायका व्यक्तिहरू संसदमा पुगेकाले अब दलितहरूको मुद्दालाई अघि बढाउनुपर्नेमा जोड दिएका छन्। साथै उनीहरूले यसअघि सडकमा बसेर सँगै आन्दोलन गरेकाहरुले संसद् र सरकारबाट दलित अधिकारका लागि गम्भीर भएर काम गर्नुपर्ने जनाएका छन्।

# 'पुराना दल छाडे, रास्वपाबाट जिते'

**धीरेन्द्रप्रसाद साह**

राजविराज, २७ फाल्गुन। सप्तरीमा चारवटै प्रतिनिधि सभा सदस्य क्षेत्र राष्ट्रिय स्वतन्त्र पार्टीले जितेको छ। जितेका चारमध्ये तीन जनाको राजनीतिक पुष्ठभूमी पुरानो दलसँग जोडिएको छ। जिल्लाको क्षेत्र नं १ बाहेकका तीन वटा क्षेत्रका विजेताहरुको पृष्ठभूमी पुराना दलसँग रहेको छ।

क्षेत्र नं २ र ३ बाट जितेकाहरुको पुरानो राजनीतिक यात्रा मधेसवादी दलसँग जोडिएको छ। क्षेत्र नं २ बाट निर्वाचित रामजी यादवको राजनीतिक यात्रा मधेश केन्द्रित दलबाट सुरु भएको थियो। विसं २०७३ सालमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) नेपालबाट सक्रिय राजनीतिमा प्रवेश गर्नुभएको उहाँ मधेश आन्दोलनपछि विभिन्न मधेशवादी दलहरूको एकीकरणबाट बनेको राजपाले मधेशको अधिकार, पहिचान र संघीयताको मुद्दालाई अगाडी बढाएको थियो। पेसाले इन्जिनियर यादव राजपामा रहदा निर्णयाक भूमिकामा पुग्नु भएको थिएन र अवसर पनि प्राप्त नभएको उहाँले भन्नुभयो, राजपा म सामान्य कार्यकता थिए।

जेनजी आन्दोलनले सिर्जना गरेको राजनीतिक बहसपछि पुनः सक्रिय भएको उहाँ निर्वाचनको केही समय अगाडी रास्वपामा प्रवेश गरेको बताउनुभयो। रास्वपाबाट उम्मेदवारी दिएर प्रतिनिधिसभा सदस्यमा चुनाव निर्वाचित हुनुभएको छ। उहाँ मधेसवादी दल जनता समाजवादी पार्टी नेपालका उम्मेदवार उमेशकुमार यादवलाई पराजित गरेर पुरानो दलमा सामान्य कार्यकर्ताबाट निर्णायक तहमा पुग्नु भएको छ।

राजनीतिक जानकार बलराम शर्माअनुसार उहाँको जित व्यक्तिगत लोकप्रियता भन्दा पुराना दलप्रतिको बढ्दो असन्तुष्टि र नयाँ राजनीतिक विकल्पप्रतिको झुकावको परिणाम हो। यस्तै क्षेत्र ३ बाट निर्वाचित डा. अमरकान्त चौधरीको स्व बुवा चन्द्रकान्त चौधरी राष्ट्रिय जनता पार्टीबाट सोही क्षेत्रबाट २०७४ मा सांसद भइ मन्त्रीसम्म बन्नुभएको थियो। बुवाकै राजनीतिक पृष्ठभूमी आधारमा अमरकान्तको पुराना दल राजपा नै हो भन्ने बुझाइ छ। आफू सक्रिय राजनीतिकमा नरहेको तर राजपाको समर्थक रुपमा राजनीतिकमा लागेको अमरकान्तले बताउनुभयो। यो पहिलो सक्रिय राजनीतिक यात्रा रहेको बताउँदै उहाँले भन्नुभयो, "अहिले पनि दाता परिवारको हैसियतले गाउँको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेको छु। समाजसेवी भएर काम गर्दै आएको छु। उहाँले जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्नुभएको छ।" अध्यक्ष यादव मधेश राजनीतिका स्थापित नेता मानिन्छन् र मधेश आन्दोलनपछि राष्ट्रिय राजनीतिमा पनि प्रभावशाली भूमिकामा रहनुभएको यादव गत आमनिर्वाचनमा यसै जिल्लाको क्षेत्र २ बाट पनि पराजित हुनुभएको थियो। त्यसअघि क्षेत्र २ बाट उपेन्द्र यादव भारी मतले विजयी हुनुभएको थियो।

बुवाको किरियामा बसेकै बेला अमरकान्त चौधरी रास्वपाबाट उम्मेदवारी दिनु भएको थियो। उहाँले आफ्नो जित मधेशको परम्परागत नेतृत्वप्रति मतदाताको निराश, भ्रष्टाचारविरोधी र परिवर्तनको चाहना अनुरुप भएको बताउनुभएको छ। त्यसैगरी, जिल्लाको क्षेत्र ४ मा कांग्रेस छाडेर रास्वपाबाट उम्मेदवारी दिएका सीताराम साहले कांग्रेसकै उम्मेदवार तथा पूर्वमन्त्री तेजुलाल चौधरीलाई पराजित गर्नु भएको छ। कांग्रेसको क्षेत्रीयस्तसम्मको जिम्मेवारीमा रहेर नगरप्रमुख, प्रदेश साँसदमा समेत उम्मेदवार बन्नु भएको थियो। पार्टीको आन्तरिक गुटबन्दी, असहयोगका कारण पराजित भएको उहाँ निर्वाचनको केही दिन अगाडी रास्वपामा प्रवेश गर्नु भएको थियो। वन अधिकृतबाट अवकाश प्राप्त भएयता कांग्रेससँग आवद्ध रहेर स्थानीय राजनीतिक गतिविधिमा सक्रिय रहेपनि पार्टीभित्र अवसर र नेतृत्वको विषयमा असन्तुष्टि बढेपछि कांग्रेस परित्याग गरेको उहाँले बताउनुभयो। मतदाताले आफूलाई नयाँ राजनीतिक विकल्पको प्रतिनिधिका रूपमा स्वीकार गरेको उहाँले भन्नुभयो, मतदाताको रास्वपाप्रतिको जुन विश्वास छ, त्यो अनुसार काम गरेर देखाउछु।

जिल्लाको क्षेत्र १ मा रास्वपाबाट निर्वाचित पुष्पाकुमारी चौधरी सामाजिक कार्यकर्ताको रुपमा परिचित हुनुहुन्छ। उहाँ लामो समयदेखि महिला सशक्तीकरण, सामाजिक सचेतना, शिक्षा तथा स्थानीय विकाससँग सम्बन्धित अभियानमा सक्रिय रहँदै आउनु भएको थियो।

सप्तरीमा यी विजयी उम्मेदवारहरूको पृष्ठभूमि पुराना दलसँग जोडिएको भएपनि मधेशमा नयाँ दलको उदय नयाँ अनुहारको कारण मात्र नभई पुराना दलभित्रको असन्तुष्टि र राजनीतिक पुनर्संरचनाको परिणाम भएको संकेत गरेको अधिवक्ता डोमन साह बताउनुहुन्छ। पछिल्लो समय मतदाताको प्राथमिकता पहिचान र आन्दोलनको राजनीतिभन्दा विकास, सुशासन र प्रभावकारी नेतृत्वतर्फ सर्दै गएको उहाँले बताउनुभयो।

# भारतीय सीमावर्ती गाउँको पोखरीमा महिलाको शव फेला



**मणिलाल विश्वकर्मा**

लहान, २७ फाल्गुन। सिरहाको दक्षिणी सीमावर्ती औरही गाउँपालिका– ५, औरही गाउँको दक्षिणतर्फ नेपाल–भारत सीमानजिकै रहेको पोखरीमा महिलाको शव फेला परेको छ। औरहीस्थित पूर्व–पश्चिम हुलाकी सडकदेखि करिब पाँच सय मिटर दक्षिण पर्ने पोखरीमा बुधबार अपराह्न करिब ४ बजेतिर महिलाको शव पोखरीमा घोप्टो परेर तैरिरहेको देखेपछि स्थानीयले तत्काल प्रहरीलाई खबर गरेका थिए।

खबरलगत्तै घटनास्थल पुगेर मुचुल्का उठाउनेलगायत आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव जिल्ला सदरमुकामस्थित प्रादेशिक अस्पताल ल्याइएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। महिलाको पहिचान नखुलेकाले शव सनाखतका लागि मातहतका प्रहरी युनिटहरूमा हुलियासहित पठाइएको उनले बताए।

रातो समिज, सुरुवाल र मनाक कानमा सुनको गहनासमेत लगाएकी महिलाको नाकमा हल्का रगतसमेत देखिएकाले अन्यत्र हत्या गरी पोखरीमा ल्याएर फालिएको हुन सक्ने आशंका गरिएको छ। माछापालन गरिएको पोखरीमा मान्छे नै डुब्ने गरी पानी पनि नरहेको एक स्थानीयले बताए। उनका अनुसार पोखरीको उत्तरपट्टि डिलमा एक जोर चप्पल र एउटा खाली बोरासमेत भेटिएको छ।

स्थानीयले अन्यत्र हत्या गरी बोरामा हालेर पोखरीमा ल्याई फालेको हुन सक्ने आशंका गरे पनि प्रहरीले भने शवको पोस्टमार्टमसहित घटनाको अनुसन्धानपछि मात्र यकिन गरी बताउन सकिने जनाएको छ।

*सिरहामा ...*

पाएका छन्। यो क्षेत्रमा रहेका एक लाख ११ हजार ९४९ मतदातामध्ये प्रत्यक्षतर्फ खसेको ७१ हजार ५२ मतमध्ये ६७ हजार ३५२ मत सदर भएको थियो।

त्यस्तै, सिरहा क्षेत्र नं. २ मा विभिन्न दलका १४ र १५ स्वतन्त्र गरी २९ जना उम्मेदबारमध्ये रास्वपाका शिवशंकर यादव ३९ हजार ५६१ मतसहित निर्वाचित हुँदा निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जिल्ला सभापति र संविधानसभा सदस्यसमेत रहेका रामचन्द्र यादवले १२ हजार ८१४ मतमा सीमित हुँदा पनि जमानत भने जोगाएका छन्। त्यसबाहेक एमालेका नवीनकुमार यादव ६ हजार ७१३, नेकपाका मुक्तिनारायण सिंह ३ हजार ६८०, जनमत पार्टीका विनोदकुमार यादवले २ हजार ३६० मत ल्याएको यो क्षेत्रमा जसपा नेपालका उम्मेदवार संजीवकुमार यादव ३ हजार ८७ ल्याए पनि उनीसहित २७ जनाले जमानत जोगाउन सकेनन्। यो क्षेत्रमा खसेको ७३ हजार ७९ मतमध्ये ६९ हजार ६४३ मत सदर भएको थियो।

जिल्लामै सबैभन्दा बढी एक लाख१९ हजार २५० मतदाता रहेको क्षेत्र नं. ३ मा खसेको ७५ हजार ५०० मत खस्दा सदर मत ७० हजार ६४१ रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। यो क्षेत्रमा रास्वपाका शम्भुकुमार यादव ३२ हजार २४९ मत ल्याउँदा निवर्तमान सांसदमेत रहेका एमालेका लीलानाथ श्रेष्ठ१० हजार १५६ मतमा सीमित भए।

नेकपाका विश्वनाथ साह ९ हजार ९४२, नेपाली कांग्रेसका सुभाषचन्द्र यादव ९ हजार ८७९ ल्याएर जमानत जोगाए, तर २०७४ को निर्वाचनमा श्रेष्ठका निकटतम् प्रतिद्वन्द्वी रहेका जसपाका अशेश्वर यादव ५ हजार ६७१ मतसहित पाँचौं स्थानमा खुम्चिएनन् मात्र, जमानतसमेत जोगिएन। यो क्षेत्रमा जनमतका रोहित महतो, उज्यालो नेपाल पार्टीका श्रवणकुमार पासवान, राप्रपाका देवदयाल सिंह, प्रलोपाका पूजनकुमार सिंह, आम आदमी पार्टीकी ज्ञानुदेवी दनुवारसहित आठजना दलीय र २९ जना स्वतन्त्र गरी ३७ जनाको जमानत जफत भएको छ।

पाँचजना पूर्वमन्त्रीहरूको उम्मेदवारी परेपछि चर्चामा रहेको क्षेत्र नं. ४ मा रास्वपाका तपेश्वर यादव ३६ हजार २१० मतसहित विजयी हुँदा निकटतम् प्रतिद्वन्द्वी पूर्वमन्त्रीसमेत रहेका नेकपाका अजयशंकर नायकले ७ हजार ९७२ मत ल्याएर जमानत जोगाए। त्यसबाहेक २०७९ मा निर्वाचित भएपछि वन तथा भूसंरक्षणमन्त्री बनेका जनमतका वीरेन्द्रप्रसाद महतो ५ हजार ४१, एमालेका धर्मनाथप्रसाद साह ४ हजार ७२७, क्षेत्रमै एक्ली महिला उम्मेदवार कांग्रेसकी चन्द्रकलाकुमारी यादव ४ हजार ६१ मत ल्याइन्, तर जमानत जोगाउन सकिनन्।

जमानत जोगाउन नसक्नेमा २०७९ को निर्वाचनमा सिरहा २ बाट निर्वाचित भएका जसपा नेपालका राजकिशोर यादव पनि हुन्, जसले योपल्ट आफ्नै गृहक्षेत्र फर्किंदा ३ हजार ४८४ मत ल्याएर छैटौं स्थानमा चित्त बुझाउनुपर्‍यो। यो क्षेत्रमा प्रतिस्पर्धी रहेका ३६ मध्ये ११ जना दलीय र २३ स्वतन्त्र गरी ३४ जनाको जमानत जफत भएको छ। जिल्लाको चार क्षेत्रमा विभिन्न साना–ठुला दलका ५३ मध्ये ४२ र स्वतन्त्र ८५ गरी एक सय २७ जना उम्मेदवारको जमानत जफत भएको निर्वाचन कार्यालयले जनाएको छ।

# लहानका डेन्टल क्लिनिक : चिकित्सकको नाम बोर्डमा, गैरचिकित्सकबाट उपचार




सिरहा, २७ फाल्गुन। यहाँको लहानस्थित विभिन्न डेन्टल क्लिनिकहरूमा नेपाल मेडिकल काउन्सिलले बुधबार आकस्मिक स्थलगत अनुगमन गर्दा गैर चिकित्सकबाट उपचार भइरहेको गम्भीर तथ्य फेला परेको छ। नेपाल मेडिकल काउन्सिल अन्तर्गतको व्यवसायिक आचरण तथा स्वास्थ्य समितिका संयोजक डा. अजय कुमार साहको नेतृत्वमा खटिएको टोलीले लहान–३ स्थित अस्पताल चोक क्षेत्रमा सञ्चालित केही डेन्टल क्लिनिकहरूको निरीक्षण गरेको हो।

अनुगमनका क्रममा हिमाल डेन्टल क्लिनिक, राधा कृष्ण डेन्टल क्लिनिक तथा वेस्ट राधा डेन्टल क्लिनिकमा सम्बन्धित विषयको योग्यता प्राप्त विशेषज्ञ चिकित्सक बिना नै उपचार सेवा सञ्चालन भइरहेको पाइएको काउन्सिलले जनाएको छ। ती क्लिनिकहरूमा केवल करिब साढे दुई वर्ष 'डेन्टल हाइजेनिष्ट' अध्ययन गरेका जनशक्तिको भरमा बिरामीको उपचार भइरहेको भेटिएको छ।

काउन्सिलका अनुसार केही सञ्चालकहरूले अन्य चिकित्सकको नाम बोर्डमा राखेरभित्र आफूखुसी उपचार गर्ने, चिकित्सकको कृत्य हस्ताक्षर गर्ने तथा प्रचलित स्वास्थ्य ऐन, नियमावली र मापदण्डविपरीत क्लिनिक सञ्चालन भइरहेकोसमेत पाइएको छ।

अनुगमन टोली पुग्ने सूचना पाएपछि सगरमाथा डेन्टल क्लिनिकका सञ्चालक भने क्लिनिक बन्द गरेर फरार भएको थियो। अनुगमन टोलीका संयोजक डा अजय कुमार साहले बिना योग्य चिकित्सक क्लिनिक सञ्चालन गर्नु गम्भीर कानुनी उल्लंघन भएको बताए। उनले भने, 'योग्य चिकित्सक बिना डेन्टल क्लिनिक सञ्चालन गर्नु कानुनविपरीत मात्र होइन, यसले सर्वसाधारणको स्वास्थ्य र ज्यानमाथि प्रत्यक्ष जोखिम निम्त्याउँछ। प्राप्त उजुरीका आधारमा हामीले स्थलगत अनुगमन गरी यस्ता अवैध क्लिनिकहरूको पहिचान गरेका छौँ र दोषीमाथि प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइनेछ।'

अनुगमन टोलीमा डा. साहसहित विज्ञका रुपमा डा राजिव शर्मा र डा. सुमन कर्ण सहभागी भएका थिए। काउन्सिलले आगामी दिनमा पनि विभिन्न स्थानमा यस्ता अनुगमनलाई निरन्तरता दिने जनाएको छ।

# सामूहिक कुटपिटका घटनामा आठ जना विरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा

रौतहट, २७ फाल्गुन। यहाँको फतुवा विजयपुर नगरपालिका–५ सन्तपुरस्थित दलित (चमार) टोलमा यही फागुन१९ गते दुई महिलासहित छ जनामाथि सामूहिक रुपमा कुटपिट गरेको घटनामा संलग्नलाई प्रहरीले आठ जना विरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरेको छ।

पीडित बिर्जाराम चमारको उजुरीका आधारमा आज उक्त घटनामा संलग्न रहेको आरोपमा उनीहरु विरुद्ध मुद्दा दर्ता भएको इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियाका प्रहरी निरीक्षक सुरेन्द्र यादवले जानकारी दिनुभयो। उहाँका अनुसार घटनामा संलग्न भनिएका पसिन्द्र यादवलाई पक्राउ गरिएको छ।

अन्य आरोपीको खोजी जारी रहेको प्रहरी निरीक्षक यादवले जानकारी दिनुभयो। पक्राउ परेका यादवलाई इलाका प्रहरी कार्यालय विजयपुर लक्ष्मीनियाले सात दिनको म्याद थप गरी हिरासतमा राखेर प्रहरीले अनुसन्धान सुरु गरेको छ। गत फागुन १९ गते होली मनाउने क्रममा सामान्य भनाभनपछि स्थानीय भुनेश्वर यादवसहितको समूहले लाठी–भाटा लिएर साँझ बिर्जाराम चमारको घरमै प्रवेश गरी कुटपिट गरेको पीडित पक्षको आरोप छ। सो क्रममा घरभित्र रहेका श्रीमती, छोरीसहित ६ जनामाथि निर्घात कुटपिट गर्नुका साथै घरका सामान तोडफोड गरिएको र दुईवटा मोबाइलसमेत फोडिएको पीडित बिर्जाराम चमारले बताउनुभयो।

कुटपिटबाट बिर्जाराम चमारको ढाड र घाँटीमा चोट लागेको छ, भने उनकी श्रीमती गायत्रीदेवी रामको शरीरभरि निलडाम परेको छ। चमारको छोरा राजकुमार रामको टाउकोमा चोट लागेको छ, भने सुब्बा रामकी १६ वर्षीया छोरीको टाउको फुटेको बताइएको छ।

*सिरहामा कानुन ...*

सिरहा प्रहरी प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकका अनुसार ल फर्ममा भएको विस्फोट सुतली बम हो या अन्य बम भन्ने यकिन भइसकेको छैन। 'विस्फोटमा फर्ममा काम गर्ने एक सहयोगीको हातको औँला र खुट्टामा सामान्य चोट लागेको पाइएको छ,' उनले भने, 'उनको पहिचान खुलिसकेको छैन, प्रहरी र सेनाको टोली अहिले घटनास्थलमै छौँ।'

विस्फोट भएको सटर वरपर र कोठामा पनि त्यस्तो कुनै पर्चा पम्प्लेट नभेटिएको जानकारी दिँदै उनले नेपाली सेनाको चोहर्वास्थित नन्दाबक्स गणबाट डिस्पोजल टोली घटनास्थल आइसकेकाले थप बुझ्ने काम भइरहेको बताए।

# कांग्रेस सांसद बस्नेतले मागे सभापति थापाको राजीनामा



काठमाडौं, २७ फाल्गुन। राष्ट्रिय सभामा नेपाली कांग्रेसका सांसद जितजंग बस्नेतले पार्टी सभापति गगनकुमार थापाको राजीनामा माग गरेका छन्। बुधबार सिंहदरबारमा बसेको पार्टीका राष्ट्रिय सभाका बहालवाला सांसद र नयाँ सांसदहरूबीचको परिचयसहितको अन्तरत्रिया कार्यत्रमपछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै उनले सो माग गरेका हुन्।

विशेष महाधिवेशनकै कारण पार्टीले निर्वाचनमा लज्जास्पद हार व्यहोर्नुपरेको जिकिर गर्दै सांसद बस्नेतले सभापति थापाले पदबाट राजीनामा दिनुपर्ने तर्क गरे। 'विशेष महाधिवेशनबाट सेटिङ अनुसार पार्टी क्याप्चर भएको हो। यो कुरा मैले हिजो पनि भनेको हो, अहिले पनि भन्छु, भोली पनि भन्छु–निर्वाचन आयोगमा सेटिङ अनुसार क्याप्चर भएको हो पार्टी,' उनले भने, 'यही विशेष अधिवेशनको कारणले आज हामी हारेका छौँ। फेरि उठनु छ। मैले भनिसके–हामीमा एकता हुनुपर्‍यो। त्यो एकता भएन। विशेष महाधिवेशनको कारणले हारियो। गगन थापाजीले राजीनामा दिनुहुन्छ भन्ने मेरो विश्वास हो।'

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)